नारायण नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
नयाँबजार, दैलेख
(राजश्व उप-शाखा)
फोन नं. ०८९-४१०१३५
कर्णाली प्रदेश-नेपाल

पत्र संख्या:- २०८१/०८२

मिति-२०८१/०७/२३

सूचना नं. ०८/०८१/०८२

दोस्रो पटक प्रकाशित मितिः- २०८१/०७/२३

## ढुङ्गा, गिट्टि तथा वालुवाको ठेक्का बन्दोबस्ती सम्बन्धी सूचना

यस नारायण नगरपालिकाको कार्यालय दैलेखको आर्थिक वर्ष २०८१/०८२ को लागि नगर कार्यपालिकाद्वारा स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन, कार्यपालिकाको निर्णय तथा निम्न बमोजिम उल्लेखित शर्तहरुको अधिनमा रही ढुङ्गा, गिट्टी तथा वालुवा ठेक्का प्रक्रियाद्वारा बिक्रि वितरण गर्नुपर्ने भएकाले इच्छुक फर्महरुले सूचना प्रकाशित भएको मितिले ०७ (सात) दिन भित्र बोलपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

१. इच्छुक फर्म वा कम्पनीले आफै वा आफ्नो अधिकार प्राप्त प्रतिनिधि मार्फत तोकिएको समय भित्र अध्याबधिक नविकरण गरिएको व्यवसाय दर्ताको प्रमाणपत्र मुल्य अभिबृद्धि करमा दर्ताको प्रमाणपत्र  कर चुक्ताको प्रमाणपत्र स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्र आ. व. २०८०/०८१ सम्मको कर चुक्ता गरेको प्रमाणपत्र (व्यक्तिको हकमा लागु नहुने) तपशिलमा उल्लेखित शिलबन्दी बोलपत्र दस्तुर निवेदन साथ पेश गरेपछि यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।

२. उल्लेखित ठेक्काको कर दस्तुर दररेट र शर्तहरु शिलबन्दी बोलपत्र फारममा संलग्न गरिनेछ । शिलबन्दी बोलपत्र फारम खरिद दस्तुर रु १०००।- (अक्षरूपी एक हजार) मात्र राष्ट्रिय बाणिज्य बैंक दैलेखमा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता नं. ४०१०१००३०१०१०००२ मा जम्मा गरेको बैंक भौचर वा कार्यालयमा नगद बुझाएको आम्दानी रसिद लिई आएमा कार्यालयबाट बोलपत्र खरिद गर्न सकिनेछ ।

३. आफुले चाहेको ठेक्का र कबोल गरेको ठेक्का रकम अंक र अक्षरमा स्पष्ट बुझिने गरी उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ। शिलबन्दी बोलपत्र फारम साथ जमानत वापतको रकम यस नगरपालिकाको नाममा राष्ट्रिय वाणिज्य बैंक दैलेखमा रहेको धरौटी खाता नं. ४०१०१००३०३००००००२ मा दाखिला गरेको सक्कलै भौचर वा कार्यालयको नाममा जारी भएको कम्तिमा १२० दिन म्याद भएको बैंक ग्यारेन्टी विड वण्ड समावेश गर्नुपर्नेछ ।

४. यस कार्यालयको छाप एबम् कार्यालय प्रमुख वा निजको जिम्मेवारी बहन गर्ने व्यक्तिको सहि छाँप नभएको शिलबन्दी बोलपत्र तथा म्याद नाघि वा रित नपुगी प्राप्त भएको शिलबन्दी बोलपत्र माथि कुनै कारबाही हुने छैन । प्राप्त शिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ ।

५. दोस्रो पटक सूचना प्रकाशित भएको मितिले ८ औं दिनको १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गर्न सकिनेछ, दर्ता भएका शिलबन्दी बोलपत्र सोहि दिनको २:०० बजे कार्यालयमा खोलिनेछ साथै खोल्ने समयमा बोलपत्रदाता स्वंयम् वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि शिलबन्दी बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

६. शिलबन्दी बोलपत्र सम्बन्धि अन्य शर्तहरु बोलपत्र फारमा उल्लेख गरे बमोजिम हुनेछ । अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित कानुन बमोजिम हुनेछ ।

७. शिलबन्दी बोलपत्र सम्बन्धी थप जानकारीको लागि कार्यालयको बेवसाइ www.narayanmun.gov.np इमेल ito.narayanmun@gmail.com. र फोन ०८९-४१०१३५ तथा सूचना पाटी मार्फत लिन सकिने छ ।

तपशिल

| सि. नं. | ठेक्का नं. | शिर्षक | न्युनतम वार्षिक ठेक्का अंक भ्याट बाहेक | ठेक्का फारम दस्तुर रु. | जमानत रकम |
|---|---|---|---|---|---|
| १. | १२/०८१/०८२ | नारायण नगरपालिका क्षेत्र भित्रको छामघाट खोलाको चुप्रा दोभान देखि उत्तर तर्फ ताराघाट दोभान सम्म IEE प्रतिवेदन तथा कार्यपालिकाको निर्णय बमोजिम ढुङ्गा, गिट्टी तथा बालुवाको टेक्का बन्दोवस्त सम्बन्धी सूचना | १२,५५,३६०।- | १०००।- | कबोल अंकको ५ प्रतिशत |

नारायण नगरपालिका, दैलेख
प्रमुख प्रशासकीय अधिकृत